**आकाशवाणी समाचार- नेपाली**

मितिः १७ मई २०२५

समयः ०७.२५ - ०७.३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

- **सरकारले अपरेशन सिंदूर पछि पाकिस्तान प्रायोजित आतंकवाद विरुद्ध देशको पक्ष राख्नका लागि विभिन्न देशहरुमा बहुदलीय शिष्टमंडल पठाउने योजना बनाईरहेको छ।**

- गृहमन्त्री अमित शाहले आज गुजरातमा सात सय आठ करोड़ रुपियाँका कैयन लोक कल्याणकारी परियोजनाहरूको उद्धाटन र शिलान्यास गर्नुहुनेछ।

- नेपालको प्रमुख बहु-क्षेत्रीय संवाद मंच सागरमाथा संवाद हिजो देखि काठमाडौमा शुरू भयो।
- राष्ट्र संघले चालू वित्त वर्षमा सकल घरेलू उत्पादमा छ दशमलव तीन प्रतिशतको वृद्धिसितै भारतलाई सबैभन्दा तीव्र गतिमा बढ्दो अर्थव्यवस्था बताएको छ।

- भाला फेंक खेलाड़ी नीरज चोपड़ाले 2025 दोहा डायमंड लीग पुरुष भाला फेंक प्रतियोगितामा दोस्रो स्थान हासिल गरेका छन्।

**सरकार-शिष्टमंडल**

केन्द्र सरकारले अपरेशन सिन्दूर पछि पाकिस्तान प्रायोजित आतंकवाद विरुद्ध भारतको अडान प्रस्तुत गर्न विभिन्न देशहरूमा बहुदलीय शिष्टमण्डल पठाउने विचार गरिरहेको छ। सुत्रहरु अनुसार प्रत्येक शिष्टमंडलमा सत्तारुढ र विपक्षी दलका सांसदहरू सामेल हुनेछन्।कांग्रेसका वरिष्ठ नेता जयराम रमेशले नयाँ दिल्लीमा पत्रकारहरूलाई बताए अनुसार संसदीय मामिला मन्त्री किरेन रिजिजुले यस कूटनीतिक पहलमा कांग्रेस अध्यक्ष मल्लिकार्जुन खरगेसित कुराकानी गर्नुभएको छ।सरकारको यस पहलको उद्देश्य पाकिस्तानबाट निस्कने आतंकवादको बारेमा भारतको अडानबारे विश्व समुदायलाई अवगत गराउनु हो।

**अमित शाह-गुजरात**

गृहमन्त्री अमित शाहले आज गुजरातमा सात सय आठ करोड़ रुपियाँका कैयन लोक कल्याणकारी परियोजनाहरूको उद्धाटन र शिलान्यास गर्नुहुनेछ। यी परियोजनाहरूमा गान्धीनगर नगर निगम, गान्धीनगर शहरी विकास प्राधिकरण र गान्धीनगर जिल्ला प्रशासनका कैयन विकास परियोजनाहरू सामेल छन्।श्री शाह भोली अहमदाबाद र महसाणामा कैयन कार्यक्रमहरुमा सामेल हुनु हुनेछ। अधिक जानकारी हाम्रा संवाददाताबाट।

(बाईट)

**शाह मल्टी एजेंसी सेंटर**

गृह मंत्री अमित शाहले भन्नुभएको छ अपरेशन सिंदूर प्रधानमंत्री नरेंद्र मोदीको दृढ़ राजनीतिक इच्छाशक्ति, खुफिया एजेंसीहरुबाट प्राप्त सटीक जानकारी र तीनै सशस्त्र बलहरुको अचूक मारक क्षमताको अनौठो प्रतीक हो। नयाँ दिल्लीमा नयाँ मल्टी

एजेंसी सेंटरको शुभारंभ गर्दै श्री शाहले भन्नुभयो भारतलाई तीनै सशस्त्र सेना, सीमा सुरक्षा बल र सबै सुरक्षा एजेंसीहरु माथि गर्व छ। हाम्रा संवाददाताले बताए अनुसार यस सेंटरले वर्तमान जटिल र परस्पर राष्ट्रीय सुरक्षा चुनौतीहरुको सामना गर्नमा सबै एजेंसीहरुको प्रयासमा तालमेलको लागि एकीकृत मंच प्रदान गर्नेछ।

(बाईट)

**<u>संशो. राष्ट्रपति - ज्ञानपीठ पुरस्कार</u>**

राष्ट्रपति द्रौपदी मुर्मुले हिजो नयाँ दिल्लीमा आयोजित एक समारोहमा संस्कृतका विद्वान स्वामी रामभद्राचार्यलाई 58 औं ज्ञानपीठ पुरस्कारले सम्मानित गर्नुभयो। स्वामी रामभद्राचार्य र प्रख्यात उर्दू कवि तथा गीतकार गुलजारलाई २०२३ को लागि यो प्रतिष्ठित पुरस्कारको लागि चयन गरिएको थियो। साहित्यको क्षेत्रमा उत्कृष्ट योगदान पुऱ्याएकोमा यी विभूतिहरूलाई यो पुरस्कारबाट सम्मानित गरिएको हो।यस अवसरमा राष्ट्रपतिले ज्ञानपीठ पुरस्कारको लागि स्वामी रामभद्राचार्य र गुलजारलाई बधाई दिनु भयो। स्वास्थ्य अस्वस्थका कारण गुलजार पुरस्कार समारोहमा उपस्थित हुन सक्नु भएन। राष्ट्रपतिले साहित्यले समाजलाई जोड्ने र जागृत गर्ने बताउनु भयो। उहाँले भन्नुभयो, 19 औं शताब्दीको सामाजिक जागरणदेखि 20 औं शताब्दीमा देशको स्वतन्त्रता संग्रामसम्म, कवि र लेखकहरूले मानिसहरूलाई जोड्नमा ठूलो भूमिका खेलेका छन्। स्वामी रामभद्राचार्यको बारेमा राष्ट्रपतिले भन्नुभयो उहाँले उत्कृष्टताको प्रेरणादायी उदाहरण प्रस्तुत गर्नुभएको छ। उहाँले भावी पुस्ताले स्वामी जीको जीवनबाट प्रेरणा लिएर साहित्यिक सिर्जना, सामाजिक निर्माण र राष्ट्र निर्माणमा अगाडि बढ्ने विश्वास व्यक्त गर्नुभयो।यस अवसरमा स्वामी रामभद्राचार्यले पुरस्कार प्राप्त गरेकोमा प्रसन्नता व्यक्त गर्दै भन्नुभयो उहाँको साहित्यिक अवदानलाई मान्यता प्राप्त भएको छ।

**<u>नेपाल-सागरमाथा संवाद</u>**

नेपालको प्रमुख बहु-क्षेत्रीय संवाद मंच सागरमाथा संवाद हिजदेखि सुरु भएको छ।नेपालका प्रधानमंत्री के.पी. शर्मा ओली, विदेश मंत्री डॉ. आरज़ू राणा देउबा, चीनका नेशनल पीपुल्स कांग्रेसका उपाध्यक्ष शियाओ जी, भारतका पर्यावरण मंत्री भूपेंद्र यादव अनि २९ओ जलवायु सम्मेलनका अध्यक्ष तथा अज़रबैजानका पारिस्थितिकी मंत्री मुख्तार बाबायेवले तीन दिन को यस कार्यक्रममा भाग लिनु भयो ।

संयुक्त राष्ट्र महासचिव अंतोनियो गुतेरसले एक वीडियो संदेशमा भन्नु भयो कि विकासोन्मुख देश वैश्विक जलवायु परिवर्तनले होइन तर उनीहरु यसबाट प्रभावित भैरहेका छन् । भारतका पर्यावरण मंत्री भूपेंद्र यादव ले शिखर सम्मेलनलाइ संबोधित गर्दै भन्नु भयो वैश्विक जलवायु कार्य प्रति भारतको अटूट प्रतिबद्धता अनि हिमालय तथा अन्य पर्वतीय पारिस्थितिकी प्रणालिहरुको सुरक्षाको निम्ति सहयोगी प्रयासहरुको आवश्यकता माथि जोर दिदै उहाले वैश्विक जलवायु संकटबाट निपटन को निम्ति भारतको प्रतिबद्धता व्यक्त गर्नु भयो।

**<u>भूपेंद्र यादव-नेपाल यात्रा</u>**

केन्द्रीय पर्यावरण, वन तथा जलवायु परिवर्तन मन्त्री भूपेन्द्र यादवले हिजो काठमाडौँमा सगरमाथा संवाद अवधि आफ्ना नेपाली समकक्षी ऐनबहादुर शाही ठकुरीसित भेटवार्ता गर्नुभयो। उहाँ सागरमाथा संवादको पहिलो संस्करणमा भाग लिनका लागि 15 देखि 17 मई सम्म नेपालको आधिकारिक यात्रामा हुनुहुन्छ। दुबै नेताहरुले पर्यावरणको क्षेत्रमा विभिन्न द्विपक्षीय र क्षेत्रीय पहलमा भएको प्रगतिको समीक्षा गर्नुभयो साथै सहयोगका अवसरहरु बारे चर्चा गर्नुभयो।उहाँले सगरमाथा संवादका क्रममा नेपालका विदेश मंत्री डॉ. आरजू राणा देउवासित पनि भेटवार्ता गर्नु भयो । केन्द्रीय मन्त्रीले नेपालका प्रधानमन्त्री के.पी. शर्मा ओलीसित पनि भेटवार्ता गर्नुभयो। शर्माले पनि ओलीलाई भेटे। दुवै नेताहरूले भारत र नेपालबीचको घनिष्ठ र मैत्रीपूर्ण सम्बन्ध ऐतिहासिक, सांस्कृतिक, सभ्यता र जन-जनबीचको सम्बन्धमा गहिरो जरा गाडेको छ भन्नुभयो । पर्यावरण **संरक्षणको क्षेत्रमा भारत-नेपाल सहयोगलाई अझ सुदृढ पार्ने तरिकाहरूबारे पनि छलफल गरियो। श्री यादवले नेपालको ललितपुर जिल्लामा रहेको युनेस्को विश्व सम्पदा स्थल पाटन दरबार स्क्वायर नजिकै स्थित अदालत भवन र श्री ज्येष्ठ वर्ण महाविहारको पनि भ्रमण गर्नुभयो। यो 2015 को विनाशकारी भूकम्पपछि भारत सरकारको सहयोगमा सुरु गरिएका 30 सांस्कृतिक क्षेत्र पुनर्निर्माण परियोजनाहरूमध्ये दुई हुन्।**

**<u>विदेशी मुद्रा भंडार</u>**

भारतको विदेशी मुद्रा भंडार 9 मईमा समाप्त भएको हफ्तामा नै 4 अरब 55 करोड़ डॉलरदेखि बडेर 6 खरब 90 अरब 60 करोड़ डॉलरमा पुगेको छ। रिजर्व बैंकको जारी साप्ताहिक आकंडा अनुसार, पछिलो हप्ताहको अवधि, विदेशी मुद्रा परिसंपत्तिहरु 19 करोड़ 60 लाख डॉलरदेखि बढेर 5 खरब 81 अरब 30 करोड़ डॉलरदेखि अधिक भएको छ। स्वर्ण भंडार 4 अरब 50 करोड़ डॉलरदेखि बढेर 86 अरब 33 करोड़ डॉलर भएको छ। यसै बीच, विशेष आहरण अधिकार 2 करोड़ 60 लाख डॉलरदेखि घटेर 18 अरब 53 करोड़ डॉलर भन्दा अधिक भएको छ।

## संयुक्त राष्ट्र-भारत अर्थव्यवस्था

राष्ट्र संघले चालू वित्त वर्षमा सकल घरेलू उत्पादमा छ दशमलव तीन प्रतिशतको वृद्धिसितै भारतलाई सबैभन्दा तीव्र गतिमा बढ्दो अर्थव्यवस्था बताएको छ। राष्ट्र संघको विश्व आर्थिक स्थिति र सम्भावनाको ताजा रिपोर्टमा भारत 6.4 प्रतिशतको अनुमानित वृद्धिसितै 2026 सम्म सोही स्थितिमानै रहने सम्भावना रहेको बताएको छ। तुलनात्मक रूपमा, बढ्दो व्यापार तनाव, नीतिगत अनिश्चितता र सीमापार लगानी घट्ने क्रममा वैश्विक अर्थव्यवस्था सुस्त हुने अपेक्षा गरिएको छ। विश्व आर्थिक स्थिति र सम्भावना, राष्ट्र संघको आर्थिक तथा सामाजिक मामिला विभागद्वारा तैयार गरिएको रिपोर्ट हो। यो राष्ट्र संघको व्यापार तथा विकास सम्मेलन र राष्ट्र संघका पाँच क्षेत्रीय आयोगहरूसितको सहयोगमा तयार पारिएको हो।

## IMD-WEATHER

भारतीय मौसम विज्ञान विभाग (IMD) ले आज अरुणाचल प्रदेश, असम र मेघालयका एकान्त स्थानहरूमा भारी वर्षाको पूर्वानुमान गरेको छ। विभागले बताएको छ कि उत्तरपूर्वी भारतमा पनि आगामी सात दिनमा मेघगर्जन, चट्याङ र तेज हावा चल्ने संभावना रहेको छ। मौसम विभाग अनुसार आज तटीय आन्ध्र प्रदेश, आन्तरिक कर्नाटक, केरला, माहे, तमिलनाडु, पुडुचेरी, कराइकल र तेलंगानामा भारी वर्षा हुनेछ।

यसैबीच, पश्चिम राजस्थानमा एकान्त स्थानहरूमा धुलो उड्ने हावा चल्नेछ। विभागले बताएको छ कि जम्मू-कश्मीर, दक्षिणपश्चिम उत्तर प्रदेशका कतिपय क्षेत्रहरूमा गर्मीको लहरको छाउने छ , जबकि बिहार र ओडिशामा तातो र आर्द्र मौसम रहनेछ।

## नीरज चोपड़ा-भाला फेंक परिणाम

स्टार भारतीय भाला फेंक खेलाड़ी नीरज चोपड़ाले हिजो 2025 दोहा डायमंड लीग पुरुष भाला फेंक प्रतियोगितामा दोस्रो स्थान हासिल गरे। 90.23 मिटरको रिकॉर्ड बनाए बापत, नीरजलाई जर्मनीका जुलियन वेबरले पराजित गरे, वेबरले 91.06 मिटरको विजयी थ्रो गरेर सबैलाई चकित पारे।यसबाहेक, भारतकी पारुल चौधरीले महिलाहरुको 3 हजार मिटर स्टीपलचेज प्रतियोगितामा छैटौं स्थान हासिल गरिन्। उनले 9:13.39 को समयमा आफ्नै राष्ट्रीय रिकॉर्ड तोड्न सफल बनिन।

## आईपीएल फेरि शुरू

इंडियन प्रीमियर लीग (आईपीएल) 2025 एक साताको अंतराल पछि भोली देखि फेरि शुरू हुँदैछ, यसमा आयोजक रॉयल चैलेंजर्स बेंगलुरु र कोलकाता नाइट राइडर्स बीच एम. चिन्नास्वामी स्टेडियममा म्याच हुनेछ। म्याच साँझ 07:30 बजे शुरू हुनेछ।यसअघि भारत र पाकिस्तानबीच बढ्दो तनावका कारण 9 मईमा आईपीएल स्थगित गरिएको थियो। त्यसपछि बीसीसीआईले प्रतियोगिताको बाँकी म्याचको लागि नयाँ कार्यक्रम जारी गऱ्यो, जसमा मोहाली र धर्मशालामा कुनै म्याच हुनेछैन। साथै, 25 मईमा हुने फाइनल अब 3 जुनमा खेलिनेछ। प्लेअफका लागि स्थानहरूको पछि घोषणा गरिनेछ।

## क्रिकेट

भारतीय क्रिकेट कंट्रोल बोर्ड-बी.सी.सी.आई. ले ३० मईदेखि शुरू भइ रहेको इंग्लैंड दौराको लागि भारत-ए टीमलाई चयन गरेको छ। चयन समितिले अभिमन्यु ईश्वरनलाई कप्तान अनि धुव्र जुएललाई उप-कप्तान बनाएको छ भने, करुण नायरले पनि भारतीय दलमा स्थान पाएको छ। त्यसरीनै, शुभमन गिल अनि साई सुदर्शन पनि दोश्रो मैच भन्दा पहिलाको टीममा शामिल हुने

भएको छ।

****** ० ******